वर्ष २ अङ्क १ २०७६/०७७

# चिकित्सा शिक्षा आयोग

# बुलेटिन




## विषयसूची


- चिकित्सा शिक्षा आयोगका मौजुदा पदाधिकारीहरू २

१ चिकित्सा शिक्षा आयोग गठनको पृष्ठभूमि....... ३

२ चिकित्सा शिक्षा आयोगको कार्यक्षेत्र .............. ३

३ कार्यकारी समिति सम्बन्धी व्यवस्था .............. ४

४ निर्देशनालय तथा बोर्ड सम्बन्धी व्यवस्था........ ४

५ चिकित्सा शिक्षा आयोगको गठन र तत्पश्चात् भएका मुख्य कार्य र गतिविधिहरू................ ५

५.१. चिकित्सा शिक्षा आयोगका बैठकका मुख्य निर्णयहरू .............................. ५

५.२ कार्यकारी समितिका मुख्य निर्णयहरू .... ८

५.३ निर्देशनालय तथा बोर्ड सम्बन्धी जिम्मेवारी.................................... १३

५.४ चिकित्सा शिक्षा आयोगसँग सम्बन्धित प्रमुख गतिविधि र कार्यहरू................ १३

६ चिकित्सा शास्त्र, स्नातकोत्तर तह, प्रवेशको पाठ्यक्रमको अन्तिम मस्यौदा..................... १९


## सम्पादकीय

चिकित्सा शिक्षा सम्बन्धी नीति, योजना, कार्यक्रम एवम् सोसम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय अभ्यास, अध्ययन, खोज, अनुसन्धान सम्बन्धी विषयवस्तु, चिकित्सा शिक्षा आयोगका कार्य क्षेत्रका वर्तमान तथा भावी कार्य, समस्या, चुनौती र समाधानका उपायहरूको समीक्षा जस्ता विषयक्षेत्रमा भएगरेका कार्यलगायत चिकित्सा शिक्षा आयोगका कार्य र जिम्मेवारी पूरा गर्ने क्रममा गरिने नीतिगत, संरचनागत, व्यवस्थापकीय पक्षमा आयोगलाई मार्ग निर्देशित गर्नका लागि आयोगका कार्य र गतिविधिलाई सरोकारवाला समक्ष पुर्‍याउन विभिन्न माध्यम र साधनको प्रयोग गर्नुपर्ने हुन्छ । त्यस्ता माध्यममध्ये पत्रिका (जर्नल), बुलेटिन, परिचयात्मक पुस्तिका आदिको विकास र प्रकाशन पनि एक माध्यम हो ।

आयोगबाट भइरहेका कार्य तथा गतिविधिलाई सरोकारवालासमक्ष पुऱ्याउनु आयोगको दायित्व पनि हो । तसर्थ नागरिकका सूचनासम्बन्धी हकको परिपूर्तिप्रति पनि संवेदनशील हुँदै आयोगका विषयमा समसामयिक आधारभूत न्यूनतम जानकारी प्रदान गर्ने उद्देश्यले यस आयोगबाट वेबसाइट, पत्रकार भेटघाट तथा बुलेटिन प्रकाशनमार्फत पनि विभिन्न सूचना र जानकारी प्रदान हुँदै आएको छ । बुलेटिनलगायतका प्रकाशनले आयोगका सूचना तथा जानकारी सम्प्रेषणमा महत्वपूर्ण भूमिका निर्वाह गरेको महसुस गरी यो बुलेटिन पाठकसमक्ष प्रस्तुत गर्ने जमर्को गरिएको हो ।

यस बुलेटिनमा आयोगको परिचयात्मक जानकारी, आयोगबाट भएगरेका मुख्य निर्णय, कार्य तथा गतिविधि र आयोग सम्बद्ध सूचना प्रस्तुत गर्ने प्रयास गरिएको छ । आयोग स्थापनापश्चात् उपाध्यक्षलयागतका पदाधिकारीहरूको नियुक्ति, आयोगको सङ्गठन तथा व्यवस्थापन (O & M) सर्वेक्षण आवश्यक कर्मचारीको व्यवस्थापन, एकीकृत प्रवेश परीक्षाको पाठ्यक्रम विकास, चिकित्सा शिक्षा नियमावलीको मस्यौदा तयारीलगायतका विभिन्न कार्य तीव्र गतिमा भइरहेका छन् ।

यसमा मूलतः चिकित्सा शिक्षा आयोगको संरचनात्मक व्यवस्था र तिनको कार्यक्षेत्र, आयोग गठनपश्चात् भएका भए गरेका प्रमुख कार्य र गतिविधिहरू, विभिन्न विश्वविद्यालय र चिकित्सा शिक्षा सम्बद्ध प्रतिष्ठानका लागि सिट निर्धारण, स्नातक तथा स्नातकोत्तर तहको शुल्क निर्धारण, स्नातकोत्तर तहको एकीकृत प्रवेश परीक्षाको पाठ्यक्रम आदि सम्बन्धी जानकारी समावेश गरिएको छ ।

यस बुलेटिनबाट सम्बन्धित सबैलाई आवश्यक जानकारी प्राप्त गर्न तथा आयोगका कार्य र गतिविधिलाई दीर्घकालसम्म प्राप्त हुने गरी दस्तावेजीकरणमा समेत सहयोग पुग्ने अपेक्षा गरिएको छ । आयोगले यो बुलेटिन विकास तथा प्रकाशनमा आवश्यक सहयोग पुऱ्याउनु हुने सम्बद्ध सबैप्रति आभार व्यक्त गर्दै आगामी अङ्कलाई थप उपयोगी र प्रभावकारी बनाउन सम्बद्ध सबैको रचनात्मक सुझावको अपेक्षा गरेको छ ।

| सल्लाहकारहरू | सम्पादक समिति |
|---|---|
| **प्रमुख सल्लाहकार :** उपाध्यक्ष प्रा.डा. श्रीकृष्ण गिरी | **प्रधान सम्पादक :** निर्देशक प्रा.डा.आरती खनाल शाह |
| **सल्लाहकारहरू** | **सदस्यहरू** |
| १. निर्देशक प्रा.डा. श्री दिलिप शर्मा | १. डिल्लीराम लुइँटेल, सदस्य सचिव |
| २. निर्देशक प्रा.डा. श्री रमेश प्रसाद आचार्य | २. विष्णुप्रसाद अधिकारी, उपसचिव |
| ३. निर्देशक प्रा.डा. श्री संघरत्न वज्राचार्य | ३. तुसलीप्रसाद आचार्य, उपसचिव |
| | ४. सेमन्त कोइराला, उपसचिव |
| | ५. राजेन्द्र श्रेष्ठ, लेखा अधिकृत |
| | **भाषा सम्पादन :** विष्णुप्रसाद अधिकारी |
| | **टाइप संयोजन :** जानका भट्टराई |

# चिकित्सा शिक्षा आयोगका मौजुदा पदाधिकारीहरू

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ५ मा व्यवस्था भएबमोजिम चिकित्सा शिक्षा आयोगमा रहेका पदेन तथा मनोनित मौजुदा पदाधिकारीहरूको विवरण यस प्रकार छ :

| क्र.सं. | प्रतिनिधित्व / क्षेत्र | पद | पदेन तथा मनोनीत पदाधिकारी |
|---|---|---|---|
| १. | प्रधानमन्त्री | अध्यक्ष | सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओली |
| २. | शिक्षासम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्री | सहअध्यक्ष | माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री गिरिराजमणि पोखरेल |
| ३. | स्वास्थ्य सम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्री | सहअध्यक्ष | माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री श्री भानुभक्त ढकाल |
| ४. | चिकित्सा क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका चिकित्सकहरूमध्येबाट नेपाल सरकारले नियुक्ति गरेको एक जना | उपाध्यक्ष | प्रा. डा. श्रीकृष्ण गिरी |
| ५. | सदस्य, राष्ट्रिय योजना आयोग (शिक्षा तथा स्वास्थ्य हेर्ने) | सदस्य | माननीय डा. उषा झा |
| ६. | चिकित्सा शिक्षा कार्यक्रम सञ्चालन भएका विश्वविद्यालय र प्रतिष्ठानका उपकुलपतिहरूमध्येबाट तीन जना | सदस्य | १. त्रिभुवन विश्वविद्यालयका उपकुलपति - प्रा.डा. धर्मकान्त बाँस्कोटा<br>२. बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानका उपकुलपति - प्रा.डा.ज्ञानेन्द्र गिरी<br>३. पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, ललितपुरका उपकुलपति - प्रा.डा. भरतकुमार यादव |
| ७. | शिक्षासम्बन्धी विषय हेर्ने नेपाल सरकारको सचिव | सदस्य | डा. सञ्जय शर्मा |
| ८. | स्वास्थ्यसम्बन्धी विषय हेर्ने नेपाल सरकारको सचिव | सदस्य | श्री लक्ष्मण अर्याल |
| ९. | अध्यक्ष, विश्वविद्यालय अनुदान आयोग | सदस्य | प्रा.डा. भीमप्रसाद सुवेदी |
| १०. | उपाध्यक्ष, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् | सदस्य | श्री खगेन्द्रप्रसाद अधिकारी |
| ११. | अध्यक्ष, आयुर्वेद चिकित्सा परिषद् | सदस्य | प्रा.डा. धनिकलाल भर्खेर |
| १२. | अध्यक्ष, नेपाल स्वास्थ्य अनुसन्धान परिषद् | सदस्य | प्रा.डा.अञ्जनीकुमार झा |
| १३. | अध्यक्ष, नेपाल नर्सिङ परिषद् | सदस्य | प्रा. गोमादेवी निरौला |
| १४. | अध्यक्ष, नेपाल स्वास्थ्य व्यवसायी परिषद् | सदस्य | श्री रामप्रसाद भण्डारी |
| १५. | अध्यक्ष, नेपाल फार्मेसी काउन्सिल | सदस्य | श्री केशवध्वज जोशी |

| क्र.सं. | प्रतिनिधित्व / क्षेत्र | पद | पदेन तथा मनोनीत पदाधिकारी |
|---|---|---|---|
| १६. | स्वास्थ्यसम्बन्धी राष्ट्रिय तहका मेडिकल तथा नर्सिङलगायतका आधिकारिक पेसागत सङ्गठनका अध्यक्षहरूमध्येबाट कम्तीमा एक जना महिलासिहत दुई जना | सदस्य | १. अध्यक्ष, एसोसिएसन अफ हेल्थ प्रोफेसनल एजुकेसनिस्ट अफ नेपाल<br>२. प्रा.डा. मनकुमारी राई, अध्यक्ष, नेपाल नर्सिङ सङ्घ |
| १७. | मेडिकल र डेन्टल बाहेकका निजी शिक्षण संस्था सञ्चालकहरूको राष्ट्रियस्तरको आधिकारिक सङ्गठनका अध्यक्ष | सदस्य | |
| १८. | नागरिक समाजका लब्धप्रतिष्ठित कम्तीमा एक महिलासहित दुई जना | सदस्य | १. प्रा.डा.रमेशकान्त अधिकारी<br>२. प्रा.डा. गीता गुरुङ |
| १९. | अध्यक्ष, नेपाल मेडिकल काउन्सिल | सदस्य | प्रा.डा. भगवान कोइराला |
| २०. | चिकित्सा शिक्षा विज्ञहरूमध्येबाट समावेशी सिद्धान्तको आधारमा कम्तीमा दुईजना महिलासहित तीन जना | सदस्य | १. प्रा.डा. श्री जगदीश अग्रवाल<br>२. प्रा.डा. दिव्या सिंह शाह<br>३. प्रा.डा. शैली प्रधान |
| २१. | अध्यक्ष, नेपाल मेडिकल एसोसिएसन | सदस्य | डा. लोचन कार्की |
| २२. | निजी मेडिकल र डेन्टल कलेज सञ्चालकहरूको राष्ट्रियस्तरको आधिकारिक सङ्गठनका अध्यक्ष | सदस्य | श्री बसुरुद्दिन अन्सारी |
| २३. | आयोगको वरिष्ठ कर्मचारी | सदस्य सचिव | श्री डिल्लीराम लुइँटेल |

मनोनीत सदस्यहरूको पदावधि चार वर्षको हुने र अर्को एक कार्यकालका लागि पुनः मनोनयन हुन सक्ने प्रावधान रहेको छ ।

## १ चिकित्सा शिक्षा आयोग गठनको पृष्ठभूमि

नेपालको वर्तमान संविधानले प्रत्येक नागरिकलाई मौलिक हकका रूपमा स्वास्थ्यसम्बन्धी हकको पनि सुनिश्चितता गरेको छ । उक्त मौलिक हकमा राज्यबाट आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने हक हुने र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट बञ्चित नगरिने लगायत प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हकको सुनिश्चिता गरेको छ । मौलिक हकको प्राप्तिका लागि नागरिकका आधारभूत आवश्यकता सम्बन्धी संवैधानिक नीतिमा गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समान पहुँचको सुनिश्चितता गर्ने, नागरिकलाई स्वस्थ बनाउन राज्यले जनस्वास्थ्यका क्षेत्रमा आवश्यक लगानी अभिवृद्धि गर्दै जाने तथा स्वास्थ्य क्षेत्रमा भएको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने लगायत स्वास्थ्य सेवालाई सर्वसुलभ र गुणस्तरीय बनाउने नीति लिएको देखिन्छ । यसरी संविधानले प्रदान गरेका आधारभूत मौलिक हकको परिपूर्ति गर्न र संविधानका नीतिको कार्यान्वयन गर्न राज्यले उपयुक्त व्यवस्था गर्दै जानु अपरिहार्य हुन गएको छ ।

यसै परिवेश र सन्दर्भलाई हृदयङ्गम गरी चिकित्सा शिक्षाको क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै चिकित्सा शिक्षालाई नेपालको राष्ट्रिय आवश्यकताअनुरूप विकास गरी चिकित्सा शिक्षाको नियमन र व्यवस्थापनलाई एकीकृत तथा चुस्त बनाउन चिकित्सा शिक्षासम्बन्धी शिक्षण संस्थाको स्थापना र सञ्चालनसम्बन्धी कार्यलाई व्यवस्थित गर्न, चिकित्सा शिक्षामा गुणस्तर, पेसाधर्मिता, संस्थागत जवाफदेहिता, भौगोलिक सन्तुलन र सामाजिक न्याय कायम गरी विपन्न लगायत सबै वर्ग र समुदायका विद्यार्थीहरूको समान पहुँच सुनिश्चित गर्न विभिन्न समयमा गठित आयोग, समिति तथा कार्यदलको प्रतिवेदनको मर्म र भावनासमेतलाई दृष्टिगत गरी चिकित्सा शिक्षा आयोगको स्थापना तथा सञ्चालन गर्न राष्ट्रिय चिकित्सा शिक्षा ऐन २०७५ फागुन १० गतेबाट जारी भई सोअनुसार चिकित्सा शिक्षा आयोग स्थापना भएको हो ।

## २ चिकित्सा शिक्षा आयोगको कार्यक्षेत्र

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ६ मा चिकित्सा शिक्षा आयोगको काम, कर्तव्य र अधिकार निम्नानुसार हुने व्यवस्था छ :

(क) चिकित्सा शिक्षाको क्षेत्रमा अवलम्बन गर्नुपर्ने राष्ट्रिय नीति तय गर्ने,

(ख) सङ्घ तथा प्रदेश तहका चिकित्सा शिक्षाको सबै तह तथा विधाको मापदण्ड र स्तरसम्बन्धी नीति तथा मापदण्ड निर्धारण गर्ने,

(ग) एकीकृत प्रवेश परीक्षा (कमन इन्ट्रान्स) सञ्चालनका लागि नीति तथा मापदण्ड निर्धारण गर्ने,

(घ) प्रत्यायनसम्बन्धी नीति, आधार तथा मापदण्ड निर्धारण गर्ने,

(ङ) प्राज्ञिक उन्नयन तथा अनुसन्धानसम्बन्धी नीति निर्धारण गर्ने,

(च) चिकित्सा शिक्षाको विषयमा विश्वविद्यालय, प्रतिष्ठान र परिषद्‌लाई आवश्यकताअनुसार निर्देशन दिने,

(छ) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजका लागि प्रत्यायनका आधार स्वीकृत गर्ने,

(ज) आशय पत्र, सम्बन्धन र सम्बन्धन खारेजीसम्बन्धी नीति र मापदण्ड तय गर्ने,

(झ) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजले लिएको परीक्षामा उत्तीर्ण हुने चिकित्सकलाई उपाधि प्रदान गर्ने,

(ञ) आयोगको वार्षिक बजेट तथा आयोगको लागि आवश्यक कर्मचारीको दरबन्दी स्वीकृत गर्ने,

(ट) शिक्षण संस्था स्थापनाका लागि नक्साङ्कन स्वीकृत गर्ने,

(ठ) तोकिएबमोजिमका अन्य कार्य गर्ने ।

## ३ कार्यकारी समिति सम्बन्धी व्यवस्था

चिकित्सा शिक्षा आयोगको मुख्य कार्यक्षेत्र मूलतः नीति र मापदण्ड निर्धारण तथा आवश्यक निर्देशन प्रदान गर्ने भएकाले आयोगका निर्णय कार्यान्वयन तथा नियमित कार्यमा समन्वय, सहकार्य समेत गर्न राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ८ ले आयोगको कार्यकारी निकायको रूपमा काम गर्न एक कार्यकारी समिति रहने व्यवस्था गरेका छ। उक्त कार्यकारी समितिको गठन निम्नानुसार हुने व्यवस्था छ :

| क्र.सं. | प्रतिनिधित्व र क्षेत्र | पद |
|---|---|---|
| १. | आयोगको उपाध्यक्ष | अध्यक्ष |
| २. | आयोगका निर्देशकहरू - ४ जना | सदस्य |
| ३. | आयोगका सदस्यहरूमध्येबाट अध्यक्षले मनोनीत गरेका कम्तीमा एकजना महिलासहित दुई जना | सदस्य |
| ४. | आयोगको सदस्य सचिव | सदस्य सचिव |

कार्यकारी समितिका मनोनित सदस्यहरूको पदावधि आयोगको सदस्य रहेसम्म कायम रहने व्यवस्था छ ।

### कार्यकारी समितिको काम, कर्तव्य र अधिकार

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को ऐनको दफा ९ ले कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम रहने उल्लेख गरेको छ :

(क) निर्देशनालय र बोर्डबिच समन्वय गर्ने,

(ख) निर्देशनालय र बोर्डको कार्यको समीक्षा, अनुगमन र मूल्याङ्कन गर्ने तथा आवश्यकताअनुसार निर्देशनालय र बोर्डलाई निर्देशन दिने

(ग) निर्देशनालय र बोर्डबाट पेस हुने कार्ययोजना, प्रस्ताव, निर्देशिका वा मापदण्डमा आवश्यक परिमार्जन गरी स्वीकृतिका लागि आयोगमा पेस गर्ने,

(घ) सम्बन्धित निर्देशनालयको सिफारिसका आधारमा यस ऐनबमोजिम आशयपत्रका लागि आयोग समक्ष सिफारिस गर्ने,

(ङ) आयोगमा स्वीकृत भएका नीति तथा कार्यक्रम सम्बन्धित निर्देशनालय र बोर्डद्वारा कार्यान्वयन गराउने,

(च) यस ऐनबमोजिम शिक्षण संस्थाको सम्बन्धन खारेजी गर्न सम्बन्धित विश्वविद्यालयलाई लेखी पठाउने,

(छ) चिकित्सा शिक्षाका क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायसँग सहकार्य र समन्वय गर्ने,

(ज) शिक्षण संस्था स्थापनाका लागि नक्साङ्कन तयार गर्ने,

(झ) शिक्षण संस्थाको विद्यार्थी सिट सङ्ख्या, शिक्षण शुल्क र सम्बन्धित विषयमा आयोगसमक्ष सिफारिस गर्ने

(ञ) तोकिएबमोजिमका अन्य काम गर्ने गराउने ।

## ४ निर्देशनालय तथा बोर्ड सम्बन्धी व्यवस्था

चिकित्सा शिक्षा आयोगको कार्य सम्पादनको लागि आयोगमा देहायका निर्देशनालय तथा बोर्ड रहने व्यवस्था राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा २८ मा गरिएको छ :

(क) मापदण्ड तथा प्रत्यायन निर्देशनालय

(ख) योजना, समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशनालय

(ग) परीक्षा निर्देशनालय

(घ) नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज

निर्देशनालय वा बोर्डको प्रमुखको रूपमा कार्य गर्न प्रत्येक निर्देशनालय वा बोर्डमा एक एक जना पूरा समय काम गर्ने निर्देशक रहने व्यवस्था ऐनले गरेको छ ।

### निर्देशनालय तथा बोर्डको कार्यक्षेत्र

प्रस्तावित चिकित्सा शिक्षा आयोग नियमावली, २०७७ मा आयोगमा निर्देशनालयहरू तथा बोर्डका कार्यक्षेत्र देहायबमोजिम हुने व्यवस्था गरिएको छ :

#### (क) मापदण्ड तथा प्रत्यायन निर्देशनालय

(क) शिक्षण संस्था स्थापना तथा शैक्षिक कार्यक्रम सञ्चालनका लागि आवश्यक पूर्वाधारको न्यूनतम मापदण्ड तयार गर्ने,

(ख) शिक्षकको योग्यतासम्बन्धी न्यूनतम मापदण्ड तयार गर्ने,

(ग) शिक्षण विधि र प्रविधिसम्बन्धी कार्य गर्ने,

(घ) चिकित्सा शिक्षाको गुणस्तर मूल्याङ्कनको मापदण्ड सम्बन्धी कार्य गर्ने,

(ङ) स्वदेशी तथा विदेशी शिक्षण संस्थाबाट चिकित्सा शिक्षा विषयमा प्राप्त उपाधिको समकक्षता तथा स्तर निर्धारण सम्बन्धी कार्य गर्ने,

(च) चिकित्सा शिक्षा सञ्चालन गर्ने विश्वविद्यालय तथा प्रतिष्ठानका कार्यक्रमको प्रत्यायनसम्बन्धी कार्य गर्ने,

(छ) चिकित्सा शिक्षाक्षेत्रका संस्था, पाठ्यक्रम, समकक्षता तथा गुणस्तर जस्ता विविध विधाका मापदण्ड तयार गर्ने,

(ज) विदेशमा अध्ययन तथा फेलोसिप लगायत चिकित्सा शिक्षाको उच्चस्तरीय तालिममा जान चाहने व्यक्तिलाई अनुमतिपत्र दिने,

(झ) आयोग वा समितिको निर्णय कार्यान्वयन गर्ने ।

### (ख) योजना, समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशनालय

(क) आयोगको वार्षिक योजना तथा कार्यक्रम तर्जुमासम्बन्धी कार्य गर्ने,

(ख) राष्ट्रिय स्वास्थ्य सेवा तथा चिकित्सा शिक्षा प्रणालीका लागि आवश्यक पर्ने जनशक्तिको आवधिक आँकलन, प्रक्षेपण तथा आपूर्तिको योजनासम्बन्धी कार्य गर्ने,

(ग) स्वीकृत योजनाअनुसार चिकित्सा शिक्षासम्बन्धी जनशक्ति आपूर्ति र उपयोगका लागि स्वास्थ्य संस्था तथा शिक्षण संस्थासँग समन्वय गर्ने,

(घ) आशयपत्रका लागि समितिमा सिफारिस गर्ने,

(ङ) शुल्क तथा सिट निर्धारण सम्बन्धी काम गर्ने,

(च) चिकित्सा शिक्षाको गुणस्तर सुधारका लागि आवश्यक अध्ययन, अनुसन्धान तथा प्रवर्धन सम्बन्धी कार्य गर्ने,

(छ) चिकित्सा शिक्षाका लागि प्रयोग हुने सूचना प्रविधिको विकास तथा प्रयोगसम्बन्धी कार्य गर्ने,

(ज) चिकित्सा शिक्षाको गुरुयोजना तर्जुमा गरी समितिमा पेस गर्ने,

(झ) अनुगमन तथा मूल्याङ्कनसम्बन्धी कार्य गर्ने वा गराउने,

(ञ) आयोग तथा समितिको निर्णय कार्यान्वयन गर्ने ।

### (ग) परीक्षा निर्देशनालय

(क) चिकित्सा शिक्षासम्बन्धी स्नातक, स्नातकोत्तर र सोभन्दा माथिको तहको एकीकृत प्रवेश परीक्षा सञ्चालन र व्यवस्थापन गर्ने,

(ख) प्रवेश परीक्षा, विद्यार्थी भर्ना, विद्यार्थी मूल्याङ्कन र अन्तिम परीक्षासम्बन्धी नीति तथा मापदण्ड तयार गरी समितिमा पेस गर्ने,

(ग) परीक्षासम्बन्धी आवश्यक प्रविधि विकास गरी कार्यान्वयन गर्ने,

(घ) विद्यार्थी भर्नाका लागि म्याचिङ प्रणालीको विकास तथा कार्यान्वयन गर्ने,

(ङ) छात्रवृत्तिमा छनोट भएका विद्यार्थीसँग अध्ययन सर्त सम्बन्धी सम्झौता गर्ने,

(च) एकीकृत वार्षिक शैक्षिक क्यालेन्डर निर्माण गर्ने,

(छ) नेपालका शिक्षण संस्थामा उच्च शिक्षा अध्ययन गर्न चाहने विदेशी व्यक्तिका लागि विषयगत रूपमा न्यूनतम प्राप्ताङ्क निर्धारणसम्बन्धी कार्य गर्ने,

(ज) परीक्षा सञ्चालनका लागि आवश्यक समिति तथा उपसमिति गठन गर्ने,

(झ) आयोग तथा समितिको निर्णय कार्यान्वयन गर्ने ।

### (घ) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज

(क) चिकित्सा शिक्षाको क्लिनिकल विधामा स्पेसियालिटी र सव-स्पेसियालिटीका नयाँ कार्यक्रमसम्बन्धी पाठ्यक्रमको तयारी सम्बन्धी कार्य गर्ने,

(ख) पूर्वाधार पूरा गरेका स्वास्थ्य संस्थामा स्पेसियालिटी र सव-स्पेसियालिटीका कार्यक्रम सञ्चालन गर्ने,

(ग) क्लिनिकल विधामा स्पेसियालिटी र सव-स्पेसियालिटीका नयाँ कार्यक्रमसम्बन्धी तालिम सञ्चालन गर्ने संस्था,फ्याकल्टीको पहिचान र प्रत्यायन सम्बन्धी कार्य गर्ने,

(घ) स्पेसियालिटी र सव-स्पेसियालिटीका क्लिनिकल विधामा अध्ययनका लागि सिट सङ्ख्या, फ्याकल्टी, सुपरभाइजर र सहभागीको सूची तयार गरी समितिमा पेस गर्ने,

(ङ) आयोगबाट निर्धारित मापदण्डको अधीनमा रही नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजको परीक्षा सञ्चालन गर्ने वा गराउने,

(च) अनुगमन तथा मूल्याङ्कन पद्धति निर्माण र कार्यान्वयन गर्ने,

(छ) मेडिकल स्पेसियालिटिजका सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थासँग परामर्श गर्ने र सोको जानकारी समितिलाई गराउने,

(ज) आयोग वा समितिको निर्णय कार्यान्वयन गर्ने ।

## ५ चिकित्सा शिक्षा आयोगको गठन र तत्पश्चात् भएका मुख्य कार्य र गतिविधिहरू

### ५.१. चिकित्सा शिक्षा आयोगका बैठकका मुख्य निर्णयहरू

#### पहिलो बैठक (२०७५ चैत्र ४)

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ तत्काल लागू हुने प्रावधानबमोजिम २०७५ साल चैत्र ४ गते सम्माननीय प्रधानमन्त्री एवम् चिकित्सा शिक्षा आयोगका अध्यक्षज्यूको अध्यक्षतामा आयोगको पहिलो बैठक बसेको थियो । उक्त बैठकमा चिकित्सा शिक्षा आयोगका उपाध्यक्षको नियुक्ति र

आयोगका सदस्यहरूको मनोनयन गरी आयोगलाई पूर्णता दिने निर्णय भएको थियो । उक्त निर्णयअनुसार आयोगलाई पूर्णता दिने क्रममा नेपाल सरकार, मन्त्रिपरिषद्ले मिति २०७६।०५।२६ मा आयोगका उपाध्यक्षमा प्रा. डा. श्रीकृष्ण गिरीको नियुक्ति गरेकोमा उहाँले २०७६ भाद्र २९ गतेबाट कार्य आरम्भ गर्नु भएको थियो । आयोगका अन्य मनोनीत हुनुपर्ने सदस्यहरू पनि मिति २०७६।०८।०५ मा मनोनयन भई कार्य जिम्मेवारी बहन भएको छ । आयोगले अर्को निर्णय नगर्दासम्मका लागि चिकित्सा शिक्षा सम्बद्ध निकायहरूले नयाँ नीतिगत निर्णयबाहेकका कार्यहरू हालसम्म अपनाई आएको विधि तथा प्रक्रियाअनुसार यथावत् रूपमा सञ्चालन गर्ने निर्णय भएकोमा उक्त निर्णय कार्यान्वयन गर्ने क्रममा चिकित्सा शिक्षासम्बद्ध सबै विश्वविद्यालय, प्रतिष्ठान र शिक्षण संस्थाहरूलाई निर्णय सम्प्रेषण गरिएको र सोहीअनुसार कार्यान्वयनमा ल्याइएको छ । त्यस्तै यस बैठकबाट चिकित्सा शिक्षा आयोगले पूर्णता नपाउन्जेल, सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत भई कार्यान्वयन नभएसम्मका लागि आयोगको दैनिक कार्य सम्पादनलगायत प्रशासनिक कार्यहरू सुचारु राख्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले आवश्यक व्यवस्था मिलाउने निर्णय भएकोमा उक्त मन्त्रालयले आवश्यकतानुसार विभिन्न तहका केही कर्मचारीहरू अस्थायी रूपमा काजमा खटाई प्रशासनिक कार्यहरू सुचारु राख्न सहयोग गरेको र आयोगको कार्यालय भवनको समेत अस्थायी व्यवस्थापन गरिएकाले आयोगको कार्य सञ्चालन र व्यवस्थापन सहज भएको छ ।

यस बैठकमा एकीकृत प्रवेश परीक्षा, शुल्क, सङ्गठन संरचना निर्माण तथा नियमावलीको तर्जुमाका लागि तत्कालीन मा. उप प्र.मं एवम् स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रीज्यूको संयोजकत्वमा ५ सदस्यीय समिति गठन भई एक महिनाभित्र प्रतिवेदन पेस गर्ने निर्णय भएकोमा उक्त समितिबाट प्रतिवेदन पेस भई सो प्रतिवेदन २०७६।०६।०१ को दोस्रो बैठकमा पेस भएको र आयोगबाट निर्णय भएवमोजिमको समितिले थप काम गरी आयोग समक्ष पेस गरी शुल्क कायम भएको थियो । त्यस्तै यस बैठकमा चिकित्सा शिक्षाका विभिन्न विधामा अध्ययन गर्न लाग्ने शुल्क, सिट सङ्ख्यालगायतका विषयमा विश्वविद्यालयहरूलाई आवश्यक निर्देशन दिने सम्बन्धी निर्णय पनि भएको थियो ।

## दोस्रो बैठक (२०७६ असोज १)

चिकित्सा शिक्षा आगोगको दास्रो बैठक सम्माननीय प्रधानमन्त्री एवम् चिकित्सा शिक्षा आयोगका अध्यक्षज्यूको अध्यक्षतामा मिति २०७६ असोज १ मा बसेको थियो । यस बैठकमा आयोगको २०७५ चैत्र ४ गतेको बैठकको निर्णयानुसार गठित समितिले पेस गरेका विभिन्न उपसमितिका प्रतिवेदनहरू आयोगको कार्यालयबाट सम्बन्धित उपसमितिका संयोजकहरू समेतसँग समन्वय गरी उक्त प्रतिवेदनहरूका सिफारिसका आधारमा आयोगको नियमावली मस्यौदा पेस गर्ने निर्णय भएको थियो । यस बैठकमा चिकित्सा शिक्षा आयोगको भवन व्यवस्थापनको लागि सम्भाव्य विकल्पहरू अध्ययन विश्लेषण गरी पन्ध्र दिनभित्र आयोगका अध्यक्षज्यू समक्ष पेस गर्ने निर्णयबमोजिम तोकिएको समयभित्र सम्भाव्य विकल्पहरू अध्ययन विश्लेषण गरी भक्तपुरको सानोठिमीस्थित साबिकको शैक्षिक जनशक्ति विकास केन्द्रको “ख” भवनको तल्लो भाग र साविकमा शैक्षिक गुणस्तर परीक्षण केन्द्रले प्रयोग गरेको भवन प्रयोग गर्ने निर्णय भई हाल आयोगको कार्यालय व्यवस्थापन भएको छ । साथै शैक्षिक गुणस्तर परिक्षण केन्द्रले प्रयोग गरेको साबिकको जग्गा उपयोग गर्न नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले स्वीकृति दिएअनुसार प्रिफ्याब मोडेलको भवन बनाउन सहरी विकास तथा भवन निर्माण विभागलाई अनुरोध भई उक्त विभागबाट भवन बनाउने कार्य अगाडि बढेको अवस्था छ । यस बैठकबाट सरकारी शिक्षण संस्थामा चिकित्सा शिक्षाको स्नातक तहको कार्यक्रममा उपलब्ध सिट सङ्ख्याको पचहत्तर



चिकित्सा शिक्षा आयोगको बैठक




प्रतिशत सिट निःशुल्क छात्रवृत्तिको व्यवस्थालाई यसै आर्थिक वर्ष (२०७६।०७७) देखि कार्यान्वयनमा ल्याउने र सोका लागि आयोगबाट छात्रवृत्ति सम्बन्धी नियमावली स्वीकृत नभएसम्म शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले छात्रवृत्ति सम्बन्धी नियमावली, २०६० (छैटौं संशोधनसहित) बमोजिम अवलम्बन गर्दै आएको प्रावधान अनुरूपनै ७५ प्रतिशत निशुल्क छात्रवृत्ति व्यवस्था कार्यान्वयन गर्ने निर्णय पनि भएको थियो ।

त्यसै गरी चिकित्सा शिक्षाको स्नातकोत्तर तहमा एकीकृत प्रवेश परीक्षा (Common Entrance Exam) चालु शैक्षिक सत्रदेखि र स्नातक तहको आगामी शैक्षिक सत्रदेखि लागु गर्न आवश्यक कानुनी तथा व्यवस्थापकीय व्यवस्था मिलाउन आयोगका उपाध्यक्षको संयोजकत्वमा कार्यदल गठन गरी शीघ्र कार्य थालनी गर्ने तथा कार्यदलका सदस्यहरू संयोजकले नै आवश्यकता अनुसार राख्ने निर्णय पनि भएको थियो । साथै शैक्षिक सत्र २०७६।०७७ मा एमबिबिएस तथा बिडिएसको विद्यार्थी भर्नाको प्रवेश परीक्षा सम्बन्धमा ऐनको दफा (१६) (२) र सोही ऐनको उपदफा ५ को खण्ड (ख) बमोजिम गर्न विश्वविद्यालय तथा प्रतिष्ठानहरूलाई निर्देशन दिने निर्णय पनि भएको थियो ।

चिकित्सा शिक्षाको स्नातक तहको शिक्षण शुल्क निर्धारण गर्न यस आयोगको मिति २०७५।१२।४ को निर्णयअनुसार उप प्र.म.एवम् स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रीको संयोजकत्वमा गठित समितिले पेस गरेको प्रतिवेदन समेतका आधारमा शुल्क एकिन गर्नका लागि चिकित्सा शिक्षा आयोगका उपाध्यक्षको संयोजकत्वमा राष्ट्रिय योजना आयोगका सदस्य (शिक्षा हेर्ने), नेपाल मेडिकल एसोसिएसनका अध्यक्ष, निजी मेडिकल तथा डेन्टल कलेज सञ्चालकहरूको सङ्गठनको अध्यक्ष र नेपाल नर्सिङ काउन्सिलका अध्यक्ष रहेको एक कार्यदल गठन गर्ने र सो कार्यदललाई यथाशीघ्र शुल्क सिफारिस गरी निर्णयार्थ आयोगका अध्यक्षसमक्ष पेस गर्ने निर्णय पनि यस बैठकमा गरिएको थियो ।

यस बैठकले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदमा २०६८।१२।०४ भन्दा पहिले नर्सिङ विषयको कार्यक्रम सञ्चालन स्वीकृतिका लागि आवेदन गर्ने संस्थाहरूलाई मापदण्ड पूरा गरेका आधारमा सञ्चालन अनुमति सम्बन्धी प्रक्रिया अगाडि बढाउन प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्लाई निर्देशन दिएको थियो । साथै बैठकले विदेशमा नर्सिङ विषय अध्ययनलाई गुणस्तरीय र व्यवस्थित गर्दै जान विद्यार्थीहरूका लागि नर्सिङ काउन्सिलको मापदण्डका आधारमा इलिजिविलिटी लेटर (Eligibility Letter) प्रदान गर्ने व्यवस्था मिलाउन नेपाल नर्सिङ काउन्सिललाई निर्देशन पनि दिएको थियो ।

### तेस्रो बैठक (२०७६ फागुन ६)

आगोगको तेस्रो बैठक सम्माननीय प्रधानमन्त्री एवम् चिकित्सा शिक्षा आयोगका अध्यक्षज्यूको अध्यक्षतामा मिति २०७६ फागुन ६ मा बसेको थियो । यस बैठकमा सर्वप्रथम चिकित्सा शिक्षा आयोगका पूर्व बैठकका निर्णयहरूको कार्यप्रगति समीक्षा गरिएको थियो ।

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ बमोजिम नेपाल सरकारबाट स्वीकृत अस्थायी सङ्गठन संरचनाअनुसार यस आयोगमा कर्मचारी व्यवस्थापन भइरहेकामा उक्त ऐनको दफा ३१ अनुसार आयोगको सङ्गठनात्मक संरचना अर्थ मन्त्रालयको सहमतिमा नेपाल सरकारले स्वीकृत गरेबमोजिम हुने व्यवस्था भएअनुसार ऐनको मर्म र भावना वमोजिम आयोगको सङ्गठनात्मक संरचना प्रस्ताव गर्न शिक्षा विज्ञान

तथा प्रविधि मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र अर्थ मन्त्रालयका प्रतिनिधिसमेत रहेको कार्यदलबाट तयार पारिएको चिकित्सा शिक्षा आयोगको प्रस्तावित सङ्गठन संरचना स्वीकृतिका लागि यस बैठकमा पेस भएकोमा बैठकमा प्राप्त भएका सुझावसमेतका आधारमा परिमार्जन गरी नेपाल सरकारसमक्ष स्वीकृतिका लागि पेस गर्ने निर्णय भएको थियो ।

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ५४ बमोजिम आयोगको परामर्शमा नेपाल सरकारले ऐनको कार्यान्वयन गर्न आवश्यक नियम बनाउन सक्ने प्रावधान बमोजिम सम्बद्ध मन्त्रालय, आयोग र कानुनसम्बद्ध विज्ञसहितको कार्यदलबाट प्रस्तुत चिकित्सा शिक्षा नियमावली, २०७६ को मस्यौदा आयोगको कार्यकारी समितिबाट मिति २०७६।११।०४ मा सिफारिस समेत भएकोमा आयोगको बैठकमा सदस्यज्यूहरूबाट प्राप्त राय सुझावसमेतलाई समेटी ऐनको मर्म र भावनासँग नबाझिने गरी परिमार्जनसहित स्वीकृतका लागि नेपाल सरकार समक्ष पेस गर्ने निर्णय पनि यस बैठकमा भएको थियो । त्यस्तै यस बैठकले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा १६ को उपदफा ७ मा प्रवेश परीक्षाको पाठ्यक्रम, पाठ्यभार तथा परीक्षासम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ भन्ने व्यवस्था रहेकामा शैक्षिक सत्र २०७७।०७८ देखि लिइने प्रवेश परीक्षाको पाठ्यक्रम विभिन्न संस्थाका विज्ञहरू समावेश भएको कार्यदल गठन गरेर मस्यौदा विकास गरी सम्बद्ध विश्वविद्यालय, प्रतिष्ठान र संस्थाका प्रतिनिधि संलग्न कार्यशालाबाट पृष्ठपोषणसमेत प्राप्त गरी अन्तिमीकरण (Validation) कार्यशालामार्फत् अन्तिम रूप प्रदान गरिएको चिकित्सा शिक्षाका स्नातकोत्तर तहको प्रवेश परीक्षा सञ्चालन गर्न तयार भएको पाठ्यक्रम ढाँचा र संरचनालाई स्वीकृत गर्ने निर्णय गरेको थियो ।

यसैगरी शै.स. २०७६।०७७ को स्नातकोत्तर तहको MD/MS र MDS कार्यक्रमको शिक्षण शुल्कका सम्बन्धमा शै.स. २०७६।०७७ का लागि MBBS/BDS कार्यक्रममा गरिए बमोजिम नै विश्वविद्यालय र प्रतिष्ठानले स्नातकोत्तर तहमा गत शैक्षिक सत्रमा लिएको शुल्कमा ४.५ प्रतिशत शुल्क वृद्धि गर्दा हुन आउने शुल्कमा नबढ्ने गरी शुल्क निर्धारण गरी कार्यान्वयन गर्न विश्वविद्यालय र प्रतिष्ठानहरूलाई निर्देशन दिने तथा वैदेशिक विद्यार्थीको हकमा सम्बन्धित विश्वविद्यालय, प्रतिष्ठानहरूले शुल्क तय गरी शुल्क निर्धारणका आधार र तोकिएको शुल्कबारे आयोगलाई जानकारी गराउन निर्देशन दिने निर्णय पनि भएको थियो ।

यस बैठकले मेडिकल कलेजहरूले शैक्षिक सत्र २०७२।०७३ र २०७३।०७४ को एमबिबिएस र बिडिएस कार्यक्रमका लागि लिएको शिक्षण शुल्क सम्बन्धमा शुल्क अध्ययन कार्यदलको सुझावसमेतका आधारमा शैक्षिक सत्र २०७२।७३ र २०७३।७४ मा सरकारले तोकेको भन्दा बढी शुल्क लिएको प्रमाण पेस गर्न विद्यार्थी तथा अभिभावकका लागि सार्वजनिक सूचना जारी गरी प्रमाणका आधारमा तोकिएको भन्दा बढी शुल्क लिएको प्रमाणित भएमा अध्ययनरत विद्यार्थीका हकमा बढी लिएको शुल्क समायोजन वा फिर्ता गर्न सम्बन्धित विश्वविद्यालय र प्रतिष्ठानहरूलाई निर्देशन दिएको थियो ।

सम्बन्धित सरोकारवालाहरूसमेतको सहभागितामा मस्यौदा तयार गरी चिकित्सा शिक्षा आयोगको कार्यकारी समितिबाट सिफारिस भई यस बैठकमा पेस भएको चिकित्सा शिक्षा सम्बन्धी एकीकृत शैक्षिक क्यालेन्डर पनि स्वीकृत गर्ने निर्णय भएको थियो ।

आयोगको यस बैठकले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ ले तोकेका कार्यहरू सम्पादन गर्ने सन्दर्भमा प्रस्तावित राष्ट्रिय चिकित्सा शिक्षा नियमावली स्वीकृत भई जारी नभएसम्मका लागि आयोगले आवश्यक अन्तरिम कार्यविधिहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याउन सक्ने पनि निर्णय गरेको थियो ।

## ५.२ कार्यकारी समितिका मुख्य निर्णयहरू

चिकित्सा शिक्षा आयोगको मुख्य कार्यक्षेत्र मूलतः नीति र मापदण्ड निर्धारण तथा आवश्यक निर्देशन प्रदान गर्ने भएकाले आयोगका निर्णय कार्यान्वयन तथा नियमित कार्यमा समन्वय, सहकार्यसमेत गर्न राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ८ ले आयोगको स्थायी स्वरूपको कार्यकारी निकायको रूपमा काम गर्न आयोगको उपाध्यक्षको अक्ष्यक्षतामा आयोगका निर्देशकहरू र सदस्य सचिव तथा मनोनीत २ जनासमेत सदस्य रहने एक कार्यकारी समिति रहने व्यवस्था गरेको छ । राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ९ ले कार्यकारी समितिको काम, कर्तव्य र अधिकार सम्बन्धमा गरेको व्यवस्थाका आधारमा २०७६ असारमसान्तसम्म उक्त समितिका ६६ ओटा बैठकबाट विभिन्न नीतिगत तथा कार्यगत निर्णय गर्दै मूल आयोगका निर्णय कार्यान्वयन लगायत आयोगको नियमित कार्यमा तीव्रता ल्याएको छ ।

यस समितिको मुख्य जिम्मेवारीमध्ये नियमित प्रकृतिका कार्यमा आयोगबाट स्वीकृत भएका निर्णय, नीति तथा कार्यक्रम सम्बन्धित निर्देशनालय र बोर्डद्वारा कार्यान्वयन गराउने, निर्देशनालय र बोर्डबिच समन्वय गर्ने, निर्देशनालय र बोर्डको कार्यको समीक्षा गर्ने तथा आवश्यकताअनुसार निर्देशनालय र बोर्डलाई निर्देशन दिने, शिक्षण संस्थाको विद्यार्थी सिट सङ्ख्या, शिक्षण शुल्क र सम्बन्धित विषयमा आयोगसमक्ष सिफारिस गर्ने लगायतका कार्य रहेका छन् । त्यसैले यस समितिका अधिकांश निर्णयहरू यिनै कार्य र जिम्मेवारीसँग सम्बन्धित देखिन्छन् । यस समितिका विभिन्न बैठकका मुख्यमुख्य निर्णयहरू तपसिल बमोजिम छन् :



चिकित्सा शिक्षा नियमावली सम्बन्धी छफफल

१. आयोगको औपचारिक कार्य प्रारम्भ गर्न आयोगको दैनिक कामकाजमा प्रयोग हुने लोगो, लेटर प्याड र छापको प्रयोगका बारेमा निर्णय गर्दै आयोगको संस्थागत व्यवस्थापन सम्बन्धी कार्य प्रारम्भ गरेको ।

२. आयोगको लागि कार्यालय भवनको व्यवस्था सम्बन्धमा साविकको शैक्षिक जनशक्ति विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्रले प्रयोग गरेको भवन उपलब्ध गराई दिन अनुरोध गर्ने निर्णय गर्दै कार्यालय व्यवस्थापन सम्बन्धी निर्णय गरेको र सोही अनुसार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले उपलब्ध गराएको ।

३. चिकित्सा शिक्षाको स्नातक तहको कार्यक्रममा उपलब्ध सिट सङ्ख्याको पचहत्तर प्रतिशत सिट निःशुल्क छात्रवृत्तिको व्यवस्थालाई यसै आर्थिक वर्ष (२०७६।०७७) देखि कार्यान्वयनमा ल्याउन चिकित्सा शिक्षा आयोगबाट छात्रवृत्ति सम्बन्धी नियमावली नवन्दासम्म शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले छात्रवृत्ति सम्बन्धी नियमावली २०६० (छैटौं संशोधनसहित) बमोजिम अवलम्वन गर्दै आएको प्रावधान अनुरूप नै ७५ प्रतिशत निशुल्क छात्रवृत्तिको व्यवस्था कार्यान्वयन गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट हुन अनुरोध गर्ने निर्णय गरिएको ।

४ आयोगको मिति २०७६।६।१ को बैठकको निर्णयअनुसार प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदमा २०६८।१२।०४ भन्दा पहिले नर्सिङ विषयको कार्यक्रम सञ्चालन स्वीकृतिका लागि आवेदन गर्ने संस्थाहरूलाई मापदण्ड पूरा गरेका आधारमा सञ्चालन अनुमति सम्बन्धी प्रक्रिया अगाडि बढाउन प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्लाई निर्देशन दिने निर्णय कार्यान्वयनका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्लाई निर्देशित गरिएको ।

५. विदेशमा नर्सिङ विषय अध्ययनलाई गुणस्तरीय र व्यवस्थित गर्दै जान विद्यार्थीहरूका लागि नर्सिङ काउन्सिलको मापदण्डका आधारमा इलिजिविलिटी लेटर (Eligibility Letter) प्रदान गर्ने व्यवस्था मिलाउन नेपाल नर्सिङ काउन्सिललाई निर्देशन दिइएको ।

६. राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा १८ (ख) र (ग) ले गरेको प्रावधान अनरूप चिकित्सा शिक्षाका स्नातक कार्यक्रमका लागि विद्यार्थीबाट लिइने पहिलो वर्षको एक तिहाइ रकम सम्वन्धित विश्वविद्यालयमार्फत लिने र बाँकी रकम किस्तावन्दीको रूपमा सम्बन्धित शिक्षण संस्थामार्फत् लिने प्रबन्ध मिलाउन विश्वविद्यालयहरू र प्रतिष्ठानहरूलाई निर्देशन दिइएको ।

७. विश्वविद्यालय र प्रतिष्ठानअन्तर्गतका शिक्षण संस्थामा सञ्चालन हुने चिकित्सा शिक्षाका कार्यक्रमहरू छात्रवृत्ति प्रयोजनका लागि चिकित्सा शिक्षा आयोग, सानोठिमी, भक्तपुरमा सूचीकृत गर्नुपर्ने भएकाले हाल सञ्चालनमा रहेका र नयाँ थप हुने कार्यक्रमहरू यस आयोगमा

सूचीकृत लागि विश्वविद्यालय र प्रतिष्ठानहरूलाई निर्देशन दिइएको ।

८. चिकित्सा शिक्षाका स्नातक तहका एमबिबिएस र बिडिएस बाहेकका अन्य कार्यक्रमहरू र विदेशी विद्यार्थीहरूको शुल्कका हकमा विश्वविद्यालय र प्रतिष्ठानहरूले शैक्षिक सत्र २०७६।०७७ लागि शुल्काङ्क र निर्धारणका आधार आयोगलाई जानकारी गराउने गरी शुल्क निर्धारण गरी कार्यान्वयनमा ल्याउने निर्णय भएको ।

९. राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को परिच्छेद ७ को दफा १८ वमोजिम आगामी वर्ष २०७७।०७८ का लागि सिट सङ्ख्या र शुल्क निर्धारण गर्न चिकित्सा शिक्षा आयोगले विज्ञ समावेश भएको कार्यदल गठन गर्ने निर्णय भएको ।

१०. राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को परिच्छेद ६ को दफा १७ (१) अनुसार आयोगले प्रत्येक वर्ष तोकिएबमोजिमको मापदण्डका आधारमा विश्वविद्यालय, प्रतिष्ठान तथा अन्य शिक्षण संस्थाका लागि निश्चित सिट सङ्ख्या तोक्नेछ भन्ने प्रावधान रहेकोमा शैक्षिक सत्र २०७६।०७७ का लागि आयोगले उक्त सिट निर्धारणका लागि नेपाल मेडिकल काउन्सिललाई अधिकार प्रदान गरेकोले नेपाल मेडिकल काउन्सिबाट निर्णय भई आएबमोजिम देहाय अनुरूप सिट सङ्ख्या कायम गर्ने निर्णय भएको थियो ।

### (क) त्रिभुवन विश्वविद्यालय र अन्तर्गत

| क्र.सं | अध्ययन संस्थान र कलेजहरू | एमबिबिएस | बिडिएस |
|---|---|---|---|
| १. | चिकित्साशास्त्र अध्ययन संस्थान, महाराजगञ्ज मेडिकल क्याम्पस, काठमाडौं | ७९ (उनान्असी) | २५ (पच्चिस) |
| २. | नेसनल मेडिकल कलेज, विरगन्ज | १०० (एक सय) | --- |
| ३. | युनिभर्सल कलेज अफ मेडिकल साइन्सेज, भैरहवा | ९५ (पञ्चानब्बे), | ५० (पचास) |
| ४. | जानकी मेडिकल कलेज, जनकपुर | ७० (सत्तरी) | --- |
| ५. | चितवन मेडिकल कलेज भरतपुर, चितवन | १०० (एकसय) | ४५ (पैंतालिस) |
| ६. | किष्ट मेडिकल कलेज इमाडोल, ललितपुर | ९० (नब्बे) | ४० (चालिस) |
| ७. | गण्डकी मेडिकल कलेज, पोखरा | ९५ (पञ्चानब्बे) | २५ (पच्चिस) |
| ८. | पिपल्स डेन्टल कलेज नयाँबजार, काठमाडौं | --- | ५० (पचास) |
| ९. | एम बि केडिया डेन्टल कलेज, वीरगञ्ज | --- | --- |
| १०. | नेपाली सेना स्वास्थ्य विज्ञान सानो भर्याङ्ग काठमाडौं | १०० (एक सय) | --- |
| | जम्मा | ७२९ | २३५ |

### (ख) काठमाडौं विश्वविद्यालय र अन्तर्गत

| क्र.सं | अध्ययन संस्थान र कलेजहरू | एमबिबिएस | बिडिएस |
|---|---|---|---|
| १. | मणिपाल कलेज अफ मेडिकल साइन्सेज, पोखरा, कास्की | १०० (एक सय) | --- |
| २. | कलेज अफ मेडिकल साइन्सेज, भरतपुर, चितवन | १०० (एक सय) | ४० (चालिस) |
| ३. | नेपाल मेडिकल कलेज, जोरपाटी, काठमाडौं | १०० (एक सय) | ५० (पचास) |
| ४. | काठमाडौं मेडिकल कलेज, सिनामङ्गल, काठमाडौं | १०० (एक सय) | ५० (पचास) |
| ५. | नेपालगञ्ज मेडिकल कलेज, बाँके | १०० (एक सय) | --- |
| ६. | काठमाडौं विश्वविद्यालय, स्कुल अफ मेडिकल साइन्सेज, धुलिखेल | ८५ (पचासी) | ५० (पचास) |
| ७. | नोबेल मेडिकल कलेज, बिराटनगर, मोरङ | १०० (एक सय), | ३५ (पैंतीस) |
| ८. | कान्तिपुर डेन्टल कलेज, बसुन्धारा, काठमाडौं | --- | ५० (पचास) |
| ९. | लुम्बिनी मेडिकल कलेज, प्रभास, पाल्पा | १०० (एक सय) | --- |

| क्र.सं | अध्ययन संस्थान र कलेजहरू | एमबिबिएस | बिडिएस |
|---|---|---|---|
| १०. | बिराट मेडिकल कलेज, बिराटनगर, मोरङ | ७५ (पचहत्तर) | |
| ११. | देवदह मेडिकल कलेज, देवदह, रूपन्देही | ५० (पचास) | |
| | जम्मा | ९१० | २७५ |

(ग) स्वास्थ्य विज्ञान प्रतिष्ठानतर्फ

| क्र.सं | प्रतिष्ठानहरू | एमबिबिएस | बिडिएस |
|---|---|---|---|
| १. | बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान | १०० (एक सय) | ५० (पचास) |
| २. | पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, ललितपुर | ६५ (पैंसट्ठी) | --- |
| | जम्मा | १६५ | ५० |

(घ) चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, काठमाडौंमा स्नातकोत्तर तहका लागि तपसिलबमोजिमका सिट सङ्ख्या कायम भएको :

**तपसिल**

| MD/MS PROGRAM | | |
|---|---|---|
| **S.N** | **Programs** | **Seats** |
| 1 | ANESTHESIA | 15 ( FIFTEEN) |
| 2 | DERMATOLOGY | 2 (TWO) |
| 3 | ENT | 4 (FOUR) |
| 4 | MDGP | 3 ( THREE) |
| 5 | INTERNAL MEDICINE | 15 ( FIFTEEN) |
| 6 | OBSTETRICS & GYNECOLOGY | 14 ( FOURTEEN) |
| 7 | OPHTHALMOLOGY | 17 ( SEVENTEEN) |
| 8 | ORTHOPEDICS | 8 ( EIGHT) |
| 9 | PEDIATRICS | 11 ( ELEVEN) |
| 10 | PSYCHIATRY | 1 ( ONE) |
| 11 | PATHOLOGY | 3 ( THREE) |
| 12 | RADIOLOGY | 6 ( SIX) |
| 13 | RADIATION ONCOLOGY | 2 ( TWO) |
| 14 | GENERAL SURGERY | 12 (TWELVE) |
| | **Total** | **113** |
| **MDS PROGRAMS** | | |
| 15 | ENDODONTICS | 1 (ONE) |
| 16 | ORTHODONTICS | 1 (ONE) |
| 17 | ORAL & MAXILLOFACIAL SURGERY | 1 (0NE) |
| 18 | PERIODONTICS | 2 (TWO) |
| 19 | PROSTHODONTICS | 2 (TWO) |
| | **Total** | **7** |

| MD/MS PROGRAM | | |
|---|---|---|
| S.N | Programs | Seats |
| DM/MCh PROGRAM | | |
| 20 | CARDIOLOGY | 3 (THREE) |
| 21 | GASTROENTEROLOGY | 3 (THREE) |
| 22 | HEPATOLOGY | 2 (TWO) |
| 23 | MEDICAL ONCOLOGY | 2 (TWO) |
| 24 | NEPHROLOGY | 2 (TWO) |
| 25 | NEUROSURGERY | 2 (TWO) |
| 26 | PLASTIC SURGERY | 3 (THREE) |
| 27 | TVS | 2 (TWO) |
| 28 | UROLOGY | 2 (TWO) |
| 29 | SURGICAL GASTROENTEROLOGY | 1 (ONE) |
| | **Total** | **22** |
| | **Grand Total** | **142** |

११. राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को परिच्छेद ६ को दफा १७ (१) अनुसार आयोगले प्रत्येक वर्ष तोकिएबमोजिमको मापदण्डका आधारमा विश्वविद्यालय, प्रतिष्ठान तथा अन्य शिक्षण संस्थाका लागि निश्चित सिट सङ्ख्या तोक्नेछ भन्ने प्रावधान रहेकोमा शैक्षिक सत्र २०७६।०७७ का लागि आयोगले उक्त सिट निर्धारणका लागि नेपाल मेडिकल काउन्सिललाई अधिकार प्रदान गरेकाले नेपाल मेडिकल काउन्सिलबाट निर्णय भई आएबमोजिम देहाय अनुरूप सिट सङ्ख्या कायम गरिएका थियो ।

१२. साविकदेखि सञ्चालनमा रहेका देहायका शिक्षण संस्था र कार्यक्रमहरूलाई सञ्चालन स्वीकृति दिने निर्णय भएको :

| शिक्षण संस्था | निर्धारण गरिएको सिट |
|---|---|
| १. मणिपाल कलेज अफ मेडिकल साइन्सेज, पोखरा | DM Cardiology – 1(one) |
| २. कलेज अफ मेडिकल साइन्सेज, भरतपुर, चितवन | DM Gastroenterology– 1(one)<br>DM Nephrology– 1(one)<br>M.Ch Urology– 1(one)<br>M.Ch Surgical Gastroenterology – 1(one) |
| ३. काठमाडौं मेडिकल कलेज, सिनामंगल, काठमाडौं | M.Ch Plastic Surgery – 1(One) |
| ४. नेपाल मेडिकल कलेज, जोरपाटी, काठमाडौं | DM Nephrology – 1(One) |
| **जम्मा** | **7 (Seven)** |

१३. चिकित्सा शिक्षाका लागि अनुगमन मूल्याङ्कन पद्धति निर्माण गर्न आवश्यक भएकाले चिकित्सा शिक्षा क्षेत्रमा अनुगमन तथा मूल्याङ्कन सम्बन्धी अनुभव भएका विभिन्न विधाका विज्ञहरूको कार्यदल गठन गरी अनुगमन मूल्याङ्कन पद्धतिको सामग्री विकास गर्न तपसिल बमोजिमको कार्यदल गठन गरिएको :

क) प्रा.डा. शेखरबाबु रिजाल - संयोजक
ख) प्रा.डा. रमेशकान्त अधिकारी - सदस्य
ग) रजिष्ट्रार, नेपाल मेडिकल काउन्सिल - सदस्य
घ) रजिष्ट्रार, नेपाल नर्सिङ काउन्सिल - सदस्य
ङ) रजिष्ट्रार, नेपाल स्वास्थ्य व्यवसायी परिषद् - सदस्य
च) उपसचिव, श्री तुलसीप्रसाद आचार्य- सदस्य सचिव

१४. चिकित्सा शिक्षा ऐन, २०७५ को दफा १७ (७) मा सार्वजनिक शिक्षण संस्थाले स्नातक कार्यक्रममा उपलब्ध सिट सङ्ख्याको कम्तीमा ७५ प्रतिशत सिट निशुल्क छात्रवृत्तिका लागि व्यवस्था गर्नुपर्ने र दफा १७ (४) मा स्वदेशी लगानीमा सञ्चालित कलेजहरूले कुल सिट सङ्ख्याको कम्तीमा १० प्रतिशत सिट निशुल्क छात्रवृत्तिका लागि नेपाल सरकारलाई उपलब्ध गराउने व्यवस्था रहेको । यसै सन्दर्भमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय प्राविधिक शिक्षा शाखाबाट छात्रवृत्तिमा मनोनयन भएका परीक्षार्थीको नामावलीमध्ये महाराजगञ्ज चिकित्सा क्याम्पसमा सञ्चालित BDS शैक्षिक कार्यक्रममा निशुल्क छात्रवृत्तिका लागि १९ सिट व्यवस्था भएकोमा १६ जनाको नाम मात्र सिफारिस भएको

र कतिपय कलेजहरूमा निशुल्क छात्रवृत्तिका लागि नाम सिफारिस नभएको अवस्था देखिएकाले निशुल्क छात्रवृत्तिका लागि नाम सिफारिस नभई रिक्त रहने सिटहरूमा कुन निकाय र प्रक्रियाबाट विद्यार्थी छनौट गरी भर्ना गर्ने भन्ने विषयमा त्रिभुवन विश्वविद्यालय चिकित्सा शिक्षा अध्ययन संस्थान महाराजगञ्जको च.नं १३४३ मिति २०७६।१०।२८ को पत्रबाट निर्देशन माग भएको सन्दर्भमा छात्रवृत्ति सम्बन्धी नियमावली, २०६० (संशोधनसहित) को नियम १०(१०) मा "कुनै समूहको लागि छुट्याइएको स्थानमा सो समूहको दरखास्त पर्न नआएमा वा उम्मेदवार छनोट हुन नसकेमा त्यस्तो समूहलाई छुट्याइएको स्थान स्वत साधारण समूहमा सर्ने छ" भन्ने व्यवस्था भएकाले त्यसरी रिक्त हुन आउने सिटहरूमा मन्त्रालयबाट मनोनयन नभई रिक्त रहेको एकिन गरी सम्बन्धित विश्वविद्यालय र प्रतिष्ठानहरूले आफूले लिएको प्रवेश परीक्षाको योग्यताक्रममा रहेका उम्मेदवारहरूलाई नै सम्बन्धित विश्वविद्यालय र प्रतिष्ठानहरूले काउन्सेलिङ गरी भर्ना प्रक्रिया अगाडि बढाउन अनुमति दिने निर्णय भएको ।

१५. राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ का प्रावधानहरूलाई कार्यान्वयन गर्ने सम्बन्धमा चिकित्सा शिक्षा आयोगका आन्तरिक काम कारबाहीलाई व्यवस्थित गर्न तयार भएको चिकित्सा शिक्षा आयोगको आन्तरिक कार्यविधि, २०७६ स्वीकृत गर्ने निर्णय भएको ।

१६. नर्सिङ क्षेत्रमा सञ्चालित विभिन्न तहका कार्यक्रमहरूलाई मान्यताका लागि माग भइ आएको सन्दर्भमा राष्ट्रिय चिकित्सा शिक्षा ऐन २०७५ को दफा १५ को उपदफा ४ मा "प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि यो ऐन प्रारम्भ भएपछि परिषद्ले प्रमाणपत्र तह मुनिका कुनै पनि प्राविधिक कार्यक्रमहरू सञ्चालन गर्ने छैन" भन्ने भएकाले प्रमाणपत्र तहभन्दा मुनिका कुनै पनि कार्यक्रम अब सञ्चालन गर्न नमिल्ने तर पहिले अनुमति पाई सञ्चालनमा रहेका प्रमाणपत्र तहभन्दा मुनिका कार्यक्रमको हकमा आयोगले नतोकेसम्म नर्सिङ परिषद्ले नियमानुसार अनुगमन गरी मान्यता दिने र सोको जानकारी आयोगलाई गराउने । सञ्चालनमा रहेका प्रमाण पत्र तह, स्नातक तह र सोभन्दा माथिका कार्यक्रमका हकमा विगत वर्षहरूमा जस्तै नर्सिङ परिषद्ले अनुगमन गरी मान्यता दिई सोको जानकारी आयोगलाई गराउने र नयाँ कार्यक्रम सञ्चालनका लागि परिषद्बाट अनुगमन गरी आवश्यक निर्णयार्थ रायसहितको प्रतिवेदन चिकित्सा शिक्षा आयोगमा पेस गर्न निर्देशन दिने निर्णय भएको ।

## ५.३ निर्देशनालय तथा बोर्ड सम्बन्धी जिम्मेवारी

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा २८ मा चिकित्सा शिक्षा आयोगको कार्य सम्पादनका लागि आयोगमा मापदण्ड तथा प्रत्यायन निर्देशनालय, योजना, समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशनालय, परीक्षा निर्देशनालय, नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज गरी तीनओटा निर्देशनालय र एउटा बोर्डको व्यवस्था गरिएको छ । निर्देशनालय वा बोर्डको प्रमुखको रूपमा कार्य गर्न प्रत्येक निर्देशनालय वा बोर्डमा एक एक जना पूरा समय काम गर्ने निर्देशक रहने व्यवस्था ऐनले गरेको छ । सोअनुसार मिति २०७६।०८।०५ मा निर्देशकहरूको नियुक्ति भएको थियो । निर्देशकहरूलाई तोकिएको जिम्मेवारी देहायबमोजिम रहेको छ :

| क्र.सं | निर्देशनालय वा बोर्ड | निर्देशक |
|---|---|---|
| १. | मापदण्ड तथा प्रत्यायन निर्देशनालय | प्रा.डा.दिलीप शर्मा |
| २. | योजना, समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशनालय | प्रा.डा.रमेशप्रसाद आचार्य |
| ३. | परीक्षा निर्देशनालय | प्रा.डा.संघरत्न बज्राचार्य |
| ४. | नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज | प्रा.डा.आरती खनाल शाह |

## ५.४ चिकित्सा शिक्षा आयोगसाग सम्बन्धित प्रमुख गतिविधि र कार्यहरू

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ ले चिकित्सा शिक्षा आयोगको काम, कर्तव्य र अधिकार अन्तर्गत चिकित्सा शिक्षाको क्षेत्रमा अवलम्बन गर्नुपर्ने राष्ट्रिय नीति तय गर्ने, सङ्घ तथा प्रदेश तहका चिकित्सा शिक्षाको सबै तह तथा विधाको मापदण्ड र स्तरसम्बन्धी नीति तथा मापदण्ड निर्धारण गर्ने, चिकित्सा शिक्षासम्बन्धी शिक्षण संस्था स्थापनाका लागि नक्साङ्कन स्वीकृत गर्ने, आशयपत्र, सम्बन्धन र सम्बन्धन खारेजीसम्बन्धी नीति र मापदण्ड तय गर्ने, एकीकृत प्रवेश परीक्षा (कमन इन्ट्रान्स) सञ्चालनका लागि नीति तथा मापदण्ड निर्धारण गर्ने, प्रत्यायनसम्बन्धी नीति, आधार तथा मापदण्ड निर्धारण गर्ने, प्राज्ञिक उन्नयन तथा अनुसन्धानसम्बन्धी नीति निर्धारण गर्ने, चिकित्सा शिक्षाको विषयमा विश्वविद्यालय, प्रतिष्ठान र परिषद्लाई आवश्यकताअनुसार निर्देशन दिने, नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजका लागि प्रत्यायनका आधार स्वीकृत गर्ने लगायतका ज्यादै महत्वपूर्ण र संवेदनशील जिम्मेवारी प्रदान गरेको छ। यी जिम्मेवारी र दायित्व निर्वाह गर्न आयोगले गरेका केही मुख्य कार्यसहितका गतिविधि यस प्रकार छन् :



चिकित्सा शिक्षा सम्बन्धी छलफल

## १. आयोगको कार्यालय भवन व्यवस्थापन तथा नयाँ भवन निर्माण सम्बन्धी कार्य

स्थापनापश्चात् आयोगका लागि कार्यालय भवन व्यवस्थापन सम्बन्धमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको निर्णयअनुसार साबिकको भक्तपुरको सानोठिमीस्थित साबिकको शैक्षिक जनशक्ति विकास केन्द्रको "ख" भवनको तल्लो भाग र शैक्षिक गुणस्तर परीक्षण केन्द्रले प्रयोग गरेको भवन प्रयोग गर्ने निर्णय भई उक्त भवन परिसर प्रयोग भइरहेको छ ।

चालू आ.व. मा चिकित्सा शिक्षा आयोगको भवन निर्माण सम्बन्धमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७६।०६।३० गतेको मा.मन्त्रीज्यूको अध्यक्षतामा भएको बैठकको निर्णय अनुसार उपलब्ध गराइएको साविक शैक्षिक गुणस्तर परीक्षण केन्द्रमा चिकित्सा शिक्षा आयोगको स्थायी भवन निर्माणका लागि यस आयोगले बजेट तथा कार्यक्रम व्यवस्था गरी अख्तियारीसहित भवन (प्रिफ्याब) निर्माणको जिम्मा सहरी विकास तथा भवन निर्माण विभागलाई दिइएको अवस्था छ ।

## २. आयोगको सङ्गठन संरचना र कर्मचारी व्यवस्थापन

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ बमोजिम चिकित्सा शिक्षा आयोग गठनपश्चात् चिकित्सा शिक्षा आयोगको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत भई कार्यान्वयन नभएसम्मका लागि आयोगका दैनिक कार्य सम्पादन लगायतका प्रशासनिक कार्यहरू सुचारु राख्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले आवश्यक व्यवस्था मिलाउने निर्णय भएअनुसार अस्थायी दरबन्दी स्वीकृत भई सोअनुसार कर्मचारी व्यवस्थापन भई दैनिक कार्य सञ्चालन हुँदै आएको छ ।

ऐनको दफा ३१ अनुसार आयोगको सङ्गठनात्मक संरचना अर्थ मन्त्रालयको सहमतिमा नेपाल सरकारले स्वीकृत गरेबमोजिम हुने व्यवस्था भएकाले ऐनको मर्म र भावनावमोजिम ऐनका लक्ष्य र उद्देश्य परिपूर्ति गर्न आयोगको सङ्गठन संरचना आवश्यक हुन गएकाले आयोगको सङ्गठनात्मक संरचना प्रस्ताव गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र अर्थ मन्त्रालयका प्रतिनिधिसहितको कार्यदलबाट आयोगको संरचना, कार्य क्षेत्र, कार्यबोझ समेतलाई दृष्टिगत गरी आयोगको सङ्गठन संरचनाको मस्यौदा तयार गरी आयोग समक्षसमेत पेस भएकोमा चिकित्सा शिक्षा आयोगको मिति २०७६।११।६ को बैठकबाट प्राप्त सुझावसमेत समावेश गरी प्रस्तावित सङ्गठन संरचना नेपाल सरकारबाट स्वीकृत हुन सिफारिस भएको छ । तर ऐनको प्रावधानअनुसार अर्थ मन्त्रालयको सहमतिका लागि प्रस्तावित नयाँ सङ्गठन संरचना पेस गरिएकोमा अर्थ मन्त्रालयबाट हालै प्राप्त पत्रअनुसार हाललाई स्वीकृत अस्थायी दरबन्दीबाटै आयोगका काम कारवाही गर्न लेखी आएको अवस्था छ ।

## ३. चिकित्सा शिक्षा नियमावली तर्जुमा

ऐनको मर्म र भावनाको प्रभावकारी कार्यान्वयनका लागि नियमावलीको अभावमा आवश्यक अन्य निर्देशिका र कार्यविधि तयार गर्न समेत कठिनाइ भएकाले उक्त ऐनको दफा ५४ ले नियम बनाउन दिएको अधिकार बमोजिम चिकित्सा शिक्षा नियमावलीको मस्यौदा तयार गर्न सम्बद्ध मन्त्रालय, आयोग, कानुनसम्बन्धी विज्ञसहितको कार्यदलबाट मस्यौदा तयार भएको

थियो । उक्त मस्यौदाउपर विभिन्न तहका विज्ञको राय, परामर्श लिई नियमावलीलाई अन्तिम रूप प्रदान गरेर नेपाल सरकारबाट स्वीकृत हुन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमार्फत पेस भएको छ । यो नियमावली स्वीकृत भई लागु भएपछि आयोगका कार्य प्रणालीमा थप कार्यदक्षता र कार्य प्रभावकारिता आउने अपेक्षा गरिएको छ ।

## ४. चिकित्सा शिक्षाको शुल्क निर्धारण

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ का दफा ९ (झ) बमोजिम आयोगले चिकित्सा शिक्षा सम्बन्धी शुल्क तोक्नुपर्ने प्रावधान रहेको छ । राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को परिच्छेद ७ को दफा १८ मा शिक्षण शुल्क सम्बन्धी व्यवस्थामा चिकित्सा शिक्षा स्नातक तहको कार्यक्रमका लागि लिइने शुल्क निर्धारण गर्दा विश्वविद्यालय, प्रतिष्ठान वा शिक्षण संस्थाको लागत, सञ्चालन खर्च, मुद्रास्फीति, भौगोलिक अवस्थिति, छात्रवृत्ति तथा निशुल्क सेवासमेतलाई दृष्टिगत गरी गर्नुपर्ने प्रावधान बमोजिम शुल्क एकिन गर्न समय लाग्ने, यस वर्षको शैक्षिक सत्र सुरु भइसकेको अवस्थामा तत्काल शुल्क एकिन गर्नुपर्ने भएकाले हाललाई नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७५।६।२८ को निर्णय अनुसार शैक्षिक सत्र २०७५।०७६ का लागि कायम भएको एमबिबिएसतर्फ काठमाडौं उपत्यकाभित्र रु ३८ लाख ५० हजार र उपत्यका बाहिर ४२ लाख ४५ हजार र बिडिएस तर्फ १९ लाख ३२ हजार ६ सय १२ रूपैंया कायम भएको रकममा नेपाल राष्ट्र बैंकको आर्थिक वर्ष २०७५ को मुद्रास्फिति ४.५ प्रतिशतका दरले हुन आउने रकम कायम गरी शैक्षिक सत्र २०७६।०७७ को लागि अधिकतम देहायबमोजिम शुल्क निर्धारण गरिएको छ :

### निर्धारित शुल्क विवरण

| तह | उपत्यकाभित्र | उपत्यकाबाहिर | |
|---|---|---|---|
| एमबिबिएस | रु. ४०,२३,२५०।- | रु ४४,३६,०२५।- | शैक्षिक सत्र २०७६।०७७ का लागि |
| बिडिएस | रु २०,१९,५८०।- | रु २०,१९,५८०।- | |

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को मर्मबमोजिम उपरोक्त शुल्कमा शिक्षण संस्थाले चिकित्सा शिक्षाको अध्ययन अवधिभरमा लिने भर्ना, शिक्षण, ल्याब, पुस्तकालय, सामुदायिक तालिम वा परीक्षा शुल्क समावेश भएको छ । त्यस्तै ऐनको दफा १८ (ख) मा विद्यार्थीबाट लिइने एक तिहाइ रकम पहिलो वर्षमा र बाँकी रकम वार्षिक रूपमा किस्ताबन्दीमा लिनुपर्ने छ । सोही दफाको (ग) मा विद्यार्थीले पहिलो वर्षको शुल्क सम्बन्धित विश्वविद्यालय मार्फत् बुझाउनु पर्नेछ भन्ने उल्लेख भएकाले माथि कायम भएको रकमको एक तिहाइले कायम हुन आउंने रकम एमबिबिएस्तर्फ काठमाडौं उपत्यकाभित्र रु १३ लाख ४१ हजार ८५ रूपैयाँ र उपत्यका बाहिर १४ लाख ७८ हजार ६ सय ७५ रूपैयाँ र बिडिएस तर्फ ६ लाख ७३ हजार १ सय ९४ रूपैंयाँ विश्वविद्यालयमा जम्मा गरी सम्बन्धित कलेजमा पठाउने व्यवस्था सम्बन्धित विश्वविद्यालयहरूले मिलाउने तथा चिकित्सा शिक्षाका स्नातक तहका एमबिबिएस र बिडिएस बाहेकका अन्य कार्यक्रमहरू र विदेशी विद्यार्थीहरूको शुल्कका हकमा विश्वविद्यालय र प्रतिष्ठानहरूले शैक्षिक सत्र २०७६।०७७ लागि शुल्काङ्क र निर्धारणका आधार आयोगलाई जानकारी गराउने गरी शुल्क निर्धारण गरी कार्यान्वयनमा ल्याउने व्यवस्था कार्यान्वयन गर्न निर्देश पनि गरिसकिएको छ ।

साथै राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को परिच्छेद ७ को दफा १८ वमोजिम आगामी वर्ष २०७७।०७८ का लागि सिटसङ्ख्या र शुल्क निर्धारण गर्न चिकित्सा शिक्षा आयोगले विज्ञ समावेश भएको कार्यदल गठन गर्ने निर्णय भएको छ ।

## ५. छात्रवृत्ति

